# भाग ४

### श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश श्री वासुदेव शर्मालें प्रेस काउन्सिलको अध्यक्ष पदबाट राजीनामा दिनु भई रिक्त हुन आएको प्रेस काउन्सिलको अध्यक्ष पदमा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०३९ को दफा ३३ को उपदफा (१) (क) बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री धनेन्द्रबहादुर सिंहलाई मिति २०४३।१०।११ सम्मको लागि मनोनयन गरेको छ ।

आज्ञाले,
टेकबहादुर खत्री
श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।२।१७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी, मालपोत विभागका महानिर्देशक श्री विश्वमान श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरेको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।२।४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री प्रदीपजंग पाण्डेलाई निजामती सेवा नियमावली, २०२१ को नियम १०.६(७) को कसूरमा सोही नियमावलीको नियम १०.१ (६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४२।२।८ को निर्णयानुसार नेपाल प्रशासन सेवा (लेखा समूह), राजपत्राङ्कित तृतीय श्रेणीका श्री कुमारबहादुर श्रेष्ठलाई मिति २०४२।१।२२ देखि सोही सेवा र समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।२।१७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क.सं. | नाम र थर | साविकको पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री त्रिलोकप्रसाद श्रेष्ठ | प्र. अ.,जि.का. दैलेख | शा. अ., गृह मन्त्रालय । |
| २. | श्री चिरन्जीवी अधिकारी | शा. अ., गृह मन्त्रालय | प्र. अ., जि. का. दैलेख । |

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

## महालेखा परीक्षकको विभागको

### सूचना १

श्री ५ को सरकारको मिति २०४१।११।१४ को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका यस विभागका लेखापरीक्षण अधिकारी श्री केदारनाथ आचार्यलाई महालेखा परीक्षकको विभागको पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४१।११।२५ देखि स्वेच्छिक अवकाश दिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४२।२।१४ को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका यस विभागका लेखापरीक्षण अधिकारी श्री श्यामबहादुर प्रधानलाई महालेखा परीक्षकको विभागको पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७. २ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४२।२।१४ देखि स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९५४